# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट सञ्चालन हुने महिला, बालबालिका र समाज कल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन

# मापदण्ड, २०८१

माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०८१/०४/३० मा स्वीकृत।

**आ.व.२०८१/०८२**

गण्डकी प्रदेश सरकार

## सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

## विषय सूची


खण्डः एक ........ १
१. परिचय तथा उद्देश्य ........ १
१.१ परिचयः ........ १
१.२ उद्देश्यः ........ १
१.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था : ........ १
१.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः ........ २
खण्डः दुई ........ ३
वार्षिक विकास कार्यक्रम र कार्यान्वयन ........ ३
मन्त्रालय तर्फ (चालु कार्यक्रम) ........ ३
२.१.१ राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुका लागि केयर टेकर व्यवस्थापन ........ ३
२.१.२ राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा वहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि दोभाषे व्यवस्थापन ........ ५
२.१.३ बाल सुधार गृह पोखरा १८ सराङकोटलाई संचालन अनुदान ........ ६
२.१.४ हिंसा पीडित महिला तथा बालबालिकाको लागि पुनर्स्थापना केन्द्रको पूर्वाधार निर्माणमा अनुदान ........ ७
२.१.५ विभिन्न दिवसीय कार्यक्रम तथा अभियान संचालन ........ ८
२.१.६ सामाजिक विकास क्षेत्रको विकासका लागि सूचक निर्माण ........ ९
२.१.७ सामाजिक विकास क्षेत्रसँग सम्बन्धित अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम ........ १०
२.१.८ न्यायमा पहुँच अभिवृद्धिका लागि महिला अधिवक्ता र तत्काल उद्धार समन्वय संजालका सदस्यहरुसँग परामर्श कार्यशाला ........ ११
२.१.९ लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरकृया एवं समिक्षा कार्यक्रम ........ १२
२.१.१० एकल महिलाहरुसँग प्रदेशस्तरीय अन्तरकृया कार्यक्रम ........ १३
२.१.११ सामाजिक परिचालनको क्षेत्रमा कार्यरत संस्थाहरुसँग परिचालन तथा साझेदारी कार्यक्रम ........ १४
२.१.१२ महिला पत्रकारहरुको क्षमता विकास कार्यक्रम ........ १५
२.१.१३ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि सशक्तीकरण कार्यक्रम ........ १६
२.१.१४ पूर्ण अशक्त र अशक्त शारिरीक अपाङ्गता भएका अपाङ्गताहरुका लागि स्वालम्बन जीवन पद्धति कार्यक्रम ........ १७
२.१.१५ दलित जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम ........ १८
२.१.१६ बालबालिकाहरुको प्रदेशस्तरीय क्षमता विकास कार्यशाला ........ १९
२.१.१७ महिला आर्थिक शसक्तिकरण प्रशिक्षण कार्यक्रम ........ २०
२.१.१८ प्रादेशिक दीर्घकालिन पुनर्स्थापना केन्द्रको संचालन निरन्तरता (पोखरा ३३) ........ २१
२.१.१९ संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अध्यावधिक तथा समिति वैठक व्यवस्थापन ........ २२

२.१.२० गण्डकी प्रदेश प्रहरी कार्यालयसँगको समन्वयमा बालबालिका खोजतलास केन्द्र १०४ स्थापना तथा संचालन ........ २३
२.१.२१ अटिजम केयर सोसाइटी गण्डकीलाई संचालन अनुदान........ २४
२.१.२२ डाउन सिन्ड्रोम सोसाइटी पोखरा संस्थालई अनुदान........ २६
२.१.२३ हिंसा प्रभावितहरुको लागि तत्काल उद्धार समन्वय संजाल वैठक संचालन ........ २८
२.१.२४ प्रदेश आपत्कालिन उद्धार कार्यक्रम (महिला बालबालिका अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको लागि)........२९
२.१.२५ प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय बैठक ........३०
२.१.२६ राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन........ ३१
२.१.२७ सामाजिक विकास क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा..... ३३
२.१.२८ अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम........३४
२.१.२९ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति समन्वय समिति वैठक संचालन.... ३५
२.१.३० बालप्रतिभा छनौट संचालन तथा पुरस्कार वितरण ........ ३६
२.१.३१ शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन (प्रदेश केन्द्रमा)........ ३७
२.१.३२ प्रदेश बाल अधिकार समिति वैठक संचालन........३८
२.१.३३ प्रदेश बाल परिषद् वैठक संचालन ........३९
२.१.३४ प्रदेशस्तरीय नागरिक सम्मेलन ........ ४०
२.१.३५ नेपाल प्रहरीसँगको सहकार्यमा लैङ्गिक हिंसा पिडितको अनुसन्धान कार्यमा संलग्न प्रहरी जनशक्तिको क्षमता विकास कार्यक्रम ........४१
२.१.३६ सामाजिक विकास महाशाखा तर्फका कार्यक्रमको समग्र अनुगमन........ ४२
पूँजिगत खर्च अन्तर्गतका क्रियाकलापहरु ........ ४३
२.१.३७ शिशु स्याहार केन्द्रको लागि पूर्वाधार निर्माण तथा मर्मत सम्भार (प्रदेश केन्द्रमा)........४३
अनुसूची– १ ........ ४४
आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार ........४४

# खण्डः एक

## १. परिचय तथा उद्देश्य

### १.१ परिचय:

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमले समाजका महिला, बालबालिका, जेष्ठ नागरिक, द्वन्द पीडित, सहिद वेपत्ता परिवार, घाइते, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक, सिमान्तकृत तथा लोपोन्मुख, पिछडिएका वर्ग तथा विपन्न गृहिणीहरुको हक अधिकार सुनिश्चित गर्नको लागि आर्थिक सशक्तिकरणको साथै लैंगिक हिंसा विरुद्ध शुन्य सहनशिलता, मानवीय सेवा, बालमैत्री शासन, जेष्ठ नागरिक आश्रम तथा दिवा सेवा केन्द्र व्यवस्थापन र सामाजिक विकृति एवं कुरिती विरुद्धको सचेतना अभिबृद्धि गर्ने विविध कार्यक्रम उनीहरुकै प्रत्यक्ष सहभागिता संचालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ ।

प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ ले समेत महिला, बालवालिका तथा समाज कल्याण क्षेत्रको हक अधिकार सुनिश्चित गर्नका लागि विविध कार्यक्रम संचालन प्रक्रियालाई सहज, व्यवस्थित, पारदर्शी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि गण्डकी प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,२०७७ को दफा ४० अनुसार मन्त्रालयले बार्षिक विकास तथा कार्यक्रमको कार्यान्वयन गर्न यस कार्यविधि वमोजिम आवश्यक मापदण्ड बनाई मन्त्रीस्तरीय निर्णयले कार्यान्वयन गर्न सक्नेछ भन्ने प्रावधानको अधिनमा रही सामाजिक विकास तथा स्वास्थ मन्त्रालय र अन्तर्गतका निकायहरुको आ.व.२०८१/०८२ को स्विकृत बार्षिक कार्यक्रम र वजेट कार्यान्वयन गर्न गराउन यो **"वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८१"** स्वीकृत गरिएको छ ।

### १.२ उद्देश्य:

- वार्षिक विकास कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्नु,
- कार्यक्रम कार्यान्वयनमा एकरुपता, प्रभावकारीता र गुणस्तरीयता कायम गर्नु,
- कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्नु ।

### १.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :

कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४; आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७; भ्रमण खर्च नियमावली, २०६४, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड, २०७९; गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ । प्रचलित कानूनसंग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ ।

**१.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरु:**

१. यस मापदण्डको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । कार्यान्वयनमा समन्वयकारी भूमिका निर्बाह जिम्मेवार कर्मचारीको हुनेछ।

२. कार्यक्रम शुरु गर्नु अघि कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम संचालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको निर्णय गराई कार्यक्रम संचालनका लागि कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराउनु पर्नेछ।

३. कार्यक्रम संचालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा संचालन गर्नु पर्नेछ ।

४. यस निर्देशिका अनुसार कार्यक्रम संचालन गर्दा मानव अधिकार घोषणा पत्र, महिला उपर हुने सवै प्रकारका भेदभाव विरुद्धको अभिसन्धि, वालवालिका सम्वन्धी महासन्धी, जनजाती सम्वन्धी महासन्धी, अन्तर्राष्ट्रिय अपाङ्गता सम्वन्धी महासन्धी, विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरु, वेइजिङ प्लसफाइभ र महिलाका बाह्र सरोकारका क्षेत्रहरु, अन्तर्राष्ट्रिय श्रम संगठनको व्यवस्था, नेपालको संविधान, गण्डकी प्रदेश सरकारबाट जारी भएका ऐन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित कानुन, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग समेतबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिका समेतलाई आधार मानी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

५. कार्यक्रम संचालन गर्दा तोकिएको चौमासिक भित्रै संचालन गर्नु पर्नेछ ।

६. यस आर्थिक बर्षको आर्थिक दायित्व आगामी बर्षमा सर्ने गरी कार्यक्रम संचालन गरिने छैन ।

७. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ ।

८. गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०८०/०८१ को पूर्ण पालना गर्नुपर्नेछ। सार्वजनिक खर्चमा मितब्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ समेत अनुसरण गर्नुपर्नेछ ।

९. यस निर्देशिकामा अन्यत्र जेसुकै लेखिए तापनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५, भ्रमण खर्च नियमावली २०६४ को परिधी भित्र रही कार्यक्रम संचालन गर्नु पर्नेछ ।

१०. कार्यक्रमको मुख्य मुख्य उपलव्धि र वित्तीय प्रगति मासिक रूपमा र भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा तयार गर्नु पर्नेछ ।

नोटः प्रचलित आर्थिक ऐन, नियम र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## खण्ड: दुई

## वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

## मन्त्रालय तर्फ (चालु कार्यक्रम)

### २.१.१ राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुका लागि केयर टेकर व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | संख्या | १ | ३०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ मा भएको व्यवस्थाको कार्यान्वयन गर्न/गराउन विशेष गरी पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई व्यक्तिगत सहयोगीको लागि केयर टेकर व्यवस्थापन गरी सार्वजनिक तथा नीति जीवनमा सहजता ल्याउने उद्धेश्यले राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश मार्फत कार्यक्रम कार्यान्वयन गराउने गरी यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको सार्वजनिक तथा नीजि जीवनयापनमा सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | १ (एक) जना केयर टेकरको मासिक तलव व्यवस्थापन खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सम्बन्धित संस्थाबाट देहायका कागजातहरु सहित विस्तृत प्रस्ताव माग<br>• संस्था दर्ता प्रमाणपत्र र विधानको प्रतिलिपी<br>• पान दर्ता प्रमाण पत्र र करचुक्ता पत्र<br>• केयर टेकरको आवश्यकता तथा कार्य जिम्मेवारी सहितको विवरण<br>• गत आ.व.को सोही कार्यक्रम सम्बन्धी बार्षिक प्रगति प्रतिवेदन<br>(ख) प्राप्त प्रस्ताव उपर आवश्यक मूल्याङ्कनका लागि देहाय वमोजिमको समिति रहनेछ ।<br>सामाजिक विकास महाशाखा प्रमुख — संयोजक<br>प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य |

| | |
|---|---|
| | मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि एक जना- सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>(ग) सम्झौता । |
| ६. अपेक्षित प्रतिफल | • पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको सार्वजनिक तथा नीजि जीवनयापनमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • संस्थाले मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपी<br>• खर्चका विल भरपाईहरु (तलव जम्मा गरेको भौचरको प्रति)<br>• संस्थाको खर्च अनुमोदन र भुक्तानी सिफारिस सम्बन्धी वैठकको निर्णय<br>• कार्यसम्पन्न प्रतिवेदन तथा चौमासिक रुपमा भुक्तानी माग |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय |

## २.१.२ राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा वहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि दोभाषे व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ३०० | पहिलो दोस्रो तेस्रो र चौथो |
| **शीर्षक** | **विवरण** | | | |
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी हुने प्रकृयामा वहिरा अपाङ्गता भएका व्यक्तिहरुको संचार सम्बन्धी अवरोधलाई सहयोग पुऱ्याउन राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशमार्फत कार्यान्वयन गर्ने गरी सांकेतिक भाषा दोभाषे व्यवस्थापन गर्न यो कार्यक्रम समावेश गरिएको हो । | | | |
| २. कार्यक्रमको उद्देश्य | • वहिरा अपाङ्गता भएका व्यक्तिहरुको संचार प्रकृयमा सहजता ल्याउने। | | | |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |
| ४. बजेट बाँडफाँट | १ (एक) जना सांकेतिक भाषा दोभाषेको मासिक तलव व्यवस्थापन खर्च | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सम्बन्धित संस्थाबाट देहायका कागजातहरु सहित विस्तृत प्रस्ताव माग<br>• संस्था दर्ता प्रमाणपत्र र विधानको प्रतिलिपी<br>• पान दर्ता प्रमाण पत्र र करचुक्ता पत्र<br>• केयर टेकरको आवश्यकता तथा कार्य जिम्मेवारी सहितको विवरण<br>• गत आ.व.को सोही कार्यक्रम सम्बन्धी बार्षिक प्रगति प्रतिवेदन<br>(ख) प्राप्त प्रस्ताव उपर आवश्यक मूल्याङ्कनका लागि देहाय वमोजिमको समिति रहनेछ ।<br>सामाजिक विकास महाशाखा प्रमुख — संयोजक<br>प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि एक जना- सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>(ग) सम्झौता । | | | |
| ६. अपेक्षित प्रतिफल | • वहिरा अपाङ्गता भएका व्यक्तिहरुको संचार प्रकृयमा सहजता भएको हुने | | | |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • संस्थाले मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपी<br>• खर्चका विल भरपाईहरु (तलव जम्मा गरेको भौचरको प्रति)<br>• संस्थाको खर्च अनुमोदन र भुक्तानी सिफारिस सम्बन्धी बैठकको निर्णय<br>• कार्यसम्पन्न प्रतिवेदन तथा चौमासिक रुपमा भुक्तानी माग | | | |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय | | | |

## २.१.३ बाल सुधार गृह पोखरा १८ सराङकोटलाई संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ५०० | पहिलो, दोस्रो र तेस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | विभिन्न कारणले जोखिममा परेका तथा विशेष संरक्षणको खाँचो भएका बालबालिकाकाको संरक्षण गरी उनीहरुको हकहितको प्रवर्द्धन गरी बाल अधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्ने राज्यको दायित्व अन्तर्गत पोखरा महानगरपालिका वडा नं. १८ मा रहेको बाल सुधार गृह संचालन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो |
| २. कार्यक्रमको उद्देश्य | • बाल सुधार गृहको संचालन अनुदानमा सहयोग गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | बाल सुधार गृह संचालन तथा व्यवस्थापन सम्बन्धी खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सम्बन्धित संस्थाबाट देहायका कागजातहरु सहित विस्तृत प्रस्ताव माग<br>संस्था दर्ता प्रमाणपत्र र विधानको प्रतिलिपी<br>पान दर्ता प्रमाण पत्र र करचुक्ता पत्र<br>गत आ.व.को बार्षिक प्रगति प्रतिवेदन<br>(ख) प्राप्त प्रस्ताव उपर आवश्यक मूल्याङ्कनका लागि देहाय वमोजिमको समिति रहनेछ ।<br>सामाजिक विकास महाशाखा प्रमुख — संयोजक<br>प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि एक जना- सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>(ग) सम्झौता । |
| ६. अपेक्षित प्रतिफल | • बाल सुधार गृहको संचालन अनुदानमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यविधिमा उल्लेख भए बमोजिमका कागजातहरु<br>• खर्चका विल तथा प्रतिवेदनका आधारमा शोधभर्ना भुक्तानी । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.४ हिंसा पीडित महिला तथा बालबालिकाको लागि पुनर्स्थापना केन्द्रको पूर्वाधार निर्माणमा अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४२३ | पटक | १ | १००० | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | हिंसा पीडित एवम् प्रभावितहरुको संरक्षण, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, पारिवारिक पुनर्स्थापना, पुनर्मिलन तथा स्वरोजगारमा सहयोग पुऱ्याई एकीकृत सेवा प्रदान गर्न आवश्यक भएकोले सो सम्बन्धमा पोखरा महानगरपालिका वडा नं. ३३ मा निर्माणाधीन रहेको भवनको भौतिक पूर्वाधार विकास तथा सुदृढिकरणको कार्यलाई अगाडी वढाउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • पुनर्स्थापना केन्द्रको पूर्वाधार निर्माणको कार्य गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • पूर्वाधार विकास तथा संरचना निर्माण कार्यहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय वैठक संचालन<br>• लागत ईष्टिमेट तयारी र स्विकृति ।<br>• सार्वजनिक खरिद प्रक्रिया पूरा गरी निर्माण कार्य संचालन |
| ६. अपेक्षित प्रतिफल | • पुनर्स्थापना केन्द्रको पूर्वाधार निर्माणको कार्य भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यविधि/मापदण्डमा उल्लेख भए बमोजिमका कागजातहरु<br>• खर्चका प्रमाणित विल भरपाईहरु,<br>• प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.५ विभिन्न दिवसीय कार्यक्रम तथा अभियान संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका वर्गहरुको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानात्मक कार्यक्रमहरु मार्फत सचेतना अभिवृद्धि गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानात्मक कार्यक्रमहरु संचालन गर्ने<br>• सामाजिक जागरण तथा सचेतना अभिवृद्धि गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | • खाजा, खाना, प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, व्यानर,पानी लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सरोकारवालाहरुसँग समन्वयात्मक वैठक तथा तयारी<br>• दिवस तथा अभियानमूलक कार्यक्रम संचालन<br>• समिक्षा तथा प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • सामाजिक जागरण तथा सचेतनामा अभिवृद्धि भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको निर्णय प्रतिलिपी<br>• कार्यक्रमको उपस्थिति विवरण<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन, |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.६ सामाजिक विकास क्षेत्रको विकासका लागि सूचक निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ८०० | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मन्त्रालयको सामाजिक विकास क्षेत्रसँग सम्बन्धित महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा विद्यमान समस्या तथा आगामी रणनीतिहरु तयार गर्नको लागि उल्लेखित क्षेत्रका क्षेत्रगत तथ्याङ्क तथा सूचकहरु तर्जुमा गर्ने अभिप्रायले कार्यक्रम संचालन लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • क्षेत्रगत तथ्याङ्क तथा सूचकहरु तर्जुमा गर्ने ।<br>• सामाजिक क्षेत्रका समस्या पहिचान तथा आगामी रणनीतिहरु तर्जुमामा सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | • खाजा, खाना, वैठक पारिश्रमिक, यातायात खर्च लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • वैठक व्यवस्थापन<br>• सूचक तर्जुमा/तथ्याङ्क संकलन गर्ने क्षेत्रहरु पहिचान<br>• सूचक तर्जुमा/तथ्याङ्क संकलनको विधि र प्रकृया निर्धारण<br>• सम्बन्धित संस्थाहरुसँग प्रस्ताव/कोटेशन माग<br>• प्रस्ताव छनौट एवम् मूल्याङ्कन, सम्झौता<br>• सूचक तर्जुमा/तथ्याङ्क संकलन, प्रकाशन<br>• समिक्षा तथा प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • क्षेत्रगत तथ्याङ्क तथा सूचकहरु तर्जुमा भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको निर्णय प्रतिलिपी<br>• सम्झौताको प्रतिलिपी<br>• कार्यक्रमको उपस्थिति विवरण<br>• संकलित तथ्याङ्कको प्रति<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन, |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.७ सामाजिक विकास क्षेत्रसँग सम्बन्धित अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मुलुक संघियतामा गएसँगै हरेक प्रदेशमा सामाजिक विकासको क्षेत्र हेर्ने गरी ७ वटै प्रदेशमा मन्त्रालयहरु स्थापना भएका छन् । यसै सन्दर्भमा विभिन्न प्रदेशमा सामाजिक विकासका क्षेत्रमा भए गरेका कार्यहरुको अन्तरप्रदेश अनुभव आदान प्रदान गरी राम्रा उपलब्धी र सिकाइहरुलाई उपयोग गरी हालको कार्यक्रम कार्यान्वयनलाई सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउनका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक विकास क्षेत्रसँग सम्बन्धित अन्तरप्रदेश अनुभव आदान प्रदान गर्नु |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कर्मचारी/पदाधिकारीहरुको दैनिक भ्रमण खर्च, सवारी साधन वापत लाग्ने भाडा तथा इन्धन वापतको खर्च, खाजा खर्च, स्टेशनरी, व्यानर, सहजिकरण वापतको खर्च, प्राथमिक किट वक्स तथा विविध खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ भ्रमण कार्यक्रमको अवधारणा पत्र तयार<br>➢ सहभागी छनौट तथा भ्रमण स्थान र मिति कार्यतालिका तयारी<br>➢ भ्रमणमा छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ भ्रमणको समिक्षा तथा प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | सामाजिक विकासको क्षेत्रमा अन्तरप्रदेश अनुभव आदान प्रदान भएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु तथा भ्रमण सम्बन्धी खर्च भएका विल भर्पाईहरु<br>➢ प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.८ न्यायमा पहुँच अभिवृद्धिका लागि महिला अधिवक्ता र तत्काल उद्धार समन्वय संजालका सदस्यहरुसँग परामर्श कार्यशाला

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | २०० | दोस्रो / तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको न्याय प्रकृयामा सहज पहुँच पुऱ्याई न्याय प्राप्तिको अनुभूति दिलाउने प्रयास स्वरुप तत्काल उद्दार समन्वय संजालका पदाधिकारी तथा महिला कानुनी अधिवक्ताहरुसँग आवश्यक छलफल गरी पैरवीका भावी रणनीति समेत तय गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा पीडित एवं प्रभावितहरुको न्यायमा पहुँच अभिवृद्धि गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, स्टेशनरी लगायतका प्रशिक्षण सामग्री, सहजिकरण र यातायात, दैनिक भ्रमण खर्च लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ समन्वयात्मक वैठक<br>➢ सहभागी छनौट र कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण ।<br>➢ कार्यक्रम संचालनको लागि प्रस्तावना तयारी तथा स्वीकृती<br>➢ छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको न्यायमा पहुँच अभिवृद्धि भएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु<br>➢ भ्रमण सम्बन्धी खर्च भएका विल भर्पाईहरु<br>➢ प्रतिवेदन साथ रकम भुक्तानी माग निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.९ लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरकृया एवं समिक्षा कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ६०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको न्याय प्रकृयामा सहज पहुँच पुऱ्याई न्याय प्राप्तिको अनुभूति दिलाउने उद्देश्यले गण्डकी प्रदेशका बाग्लुङ, पर्वत, म्याग्दी, गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा र नवलपुर जिल्लामा विगत वर्षहरुदेखि स्थानीय तहसँगको सहकार्यमा संचालन गरिएको अल्पकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्रहरुबाट सम्पादन भएका कार्यहरुको समिक्षा गरी आगामी कार्यदिशा समेत तय गर्नका लागि उल्लेखित निकायका प्रमुख, पदाधिकारी, प्रतिनिधिहरुको सहभागितामा अन्तर्क्रिया गर्नको लागि यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि न्यायमा पहुँच र नियन्त्रणका लागि सेवा केन्द्रहरुबाट सम्पादन भएका कार्यहरुको समिक्षा गरी सुधारका उपायहरु पहिल्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सेवा केन्द्र संचालन गर्ने जिल्लाका सम्बन्धित स्थानीय तह/संस्था, सामाजिक विकास कार्यालय । |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, स्टेशनरी लगायतको प्रशिक्षण सामग्री, सहजिकरण र यातायात, दैनिक भ्रमण खर्च लगातको विविध खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ समन्वयात्मक वैठक, सहभागीहरु छनौट ।<br>➢ कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण ।<br>➢ प्रस्तावना तयारी तथा स्वीकृती<br>➢ छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ कार्यक्रम संचालन तथा प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि न्यायमा पहुँच अभिवृद्धिमा थप सहयोग पुग्ने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु<br>➢ कार्यक्रम संचालन सम्बन्धी खर्च भएका विलभर्पाईहरु<br>➢ प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१० एकल महिलाहरुसँग प्रदेशस्तरीय अन्तरकृया कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | बजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ३०० | दोस्रो त्रैमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | एकल महिलाहरुको सशक्तीकरण क्षमता विकास तथा मर्यादा अभिवृद्धि गरी सामाजिक न्यायको लागी आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा कमजोर वर्गका एकल महिलाको हकहित संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रदेशस्तरीय कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • एकल महिलाहरुको नेतृत्व तथा क्षमता अभिवृद्धि गर्ने ।<br>• एकल महिलाहरुलाई संगठित गर्न सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | खाजा/खाना, वैठक भत्ता, तालिम/अन्तरकृया/अभिमुखिकरण/गोष्ठी संचालन, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रदेशस्तरमा एकल महिला वा एकल महिलाको क्षेत्रमा कार्यरत संस्थाहरुसँग समन्वय वैठक<br>• कार्यक्रम संचालनको विस्तृत प्रस्तावना तयार<br>• सम्भव भएसम्म ११ वटै जिल्लाको प्रतिनिधित्व रहने गरी कार्यक्रमका सहभागी छनौट<br>• कार्यक्रम संचालन गर्ने स्थान छनौट<br>• प्रशिक्षक तथा विषयवस्तु छनौट<br>• कार्यक्रम सञ्चालन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • एकल महिलाहरुको नेतृत्व तथा क्षमता अभिवृद्धि भएको हुने<br>• एकल महिलाहरुलाई संगठित गर्न सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्य सम्पन्न प्रतिवेदन<br>• खर्च भएका बिल भर्पाईहरु<br>• कार्यक्रम सञ्चालनका फोटोहरु |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.११ सामाजिक परिचालनको क्षेत्रमा कार्यरत संस्थाहरुसँग परिचालन तथा साझेदारी कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १००० | पहिलो र दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मन्त्रालयको सामाजिक विकासको कार्यक्षेत्र अन्तर्गत पर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्य गर्ने सरकारको साझेदारका रुपमा रहेका प्रदेशस्तरमा कार्यरत सामाजिक संस्थाहरुसँग आर्थिक तथा सामाजिक सशक्तीकरण एवम् क्षमता विकासका गतिविधिहरुमा साझेदारी गर्न आवश्यकता तथा प्राथमिकताका आधारमा सामाजिक संस्थाहरुको परिचालन गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामाजिक परिचालनको क्षेत्रमा कार्यरत संस्थाहरुसँग साझेदारी तथा संस्था परिचालन गर्नु |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | ➢ संस्थाहरुलाई आवश्यकता अनुसार कार्यक्रममा साझेदारीताका लागि अनुदान<br>➢ खाजा/खाना, वैठक भत्ता, तालिम/अन्तरकृया/अभिमुखिकरण/गोष्ठी संचालन, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • गैसस महासंघ गण्डकी प्रदेश लगायतका सरोकारवालाहरुसँग समन्वयात्मक वैठक संचालन<br>• कार्यक्रम संचालनको मोडालिटी तयार<br>• कार्यक्रम कार्यान्वयनका क्षेत्रहरु तथा लक्षित समूह पहिचान<br>• कार्यक्रम संचालन |
| ६. अपेक्षित प्रतिफल | सामाजिक परिचालनको क्षेत्रमा कार्यरत संस्थाहरुको साझेदारीता तथा परिचालन गर्नु |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्य सम्पन्न भएका खर्चका विल भर्पाईहरु<br>• खर्च अनुमोदन गरेको वैठकको प्रतिलिपी<br>• कार्यक्रम संचालन सम्बन्धी प्रतिवेदन<br>• कार्यक्रम संचालन सम्बन्धी रंगीन फोटोहरु |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

## २.१.१२ महिला पत्रकारहरुको क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | पछिल्लो समय सूचना र प्रविधिमा भएको विकाससंगै यसको प्रयोग, चुनौति र महत्वलाई दर्शाउन विभिन्न सामाजिक गतिविधिहरुको उत्पादन तथा प्रशारणमा मिडियालाई सकारात्मक र रचनात्मक बनाउनुका साथै महिला पत्रकारहरुको सम्मानजनक र अर्थपूर्ण सहभागिता सुनिश्चितताका लागि सत्य र तथ्यपरक सूचना उत्पादन र सम्प्रेषणका लागि प्रोत्साहित गरी तथ्य र विश्लेषणका आधारमा संवेदनशिल हुन अभिप्रेरित गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिला पत्रकारहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धी खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश, कास्की शाखा र सरोकारवालाहरुसंग समन्वय<br>• कार्यक्रम संचालनको मोडालिटी तयार<br>• सम्बन्धित संस्थासँग प्रस्ताव माग<br>• मूल्याङ्कन तथा छनौट<br>• नेपाल प्रहरी/सामुदायिक प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल रेडक्रस सोसाइटी, गैसस महासंघ नेपाल गण्डकी प्रदेश, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश लगायतका सरकारी तथा गैर सरकारी निकायसँगको साझेदारीतामा कम्तीमा ३ (तीन) दिनको कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • महिला पत्रकारहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन भै पत्रकारहरुको क्षमता अभिबृद्धिमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • खर्चको विल भरपाई लगायतका कार्यक्रम संचालन सम्वन्धी कागजातहरु<br>• प्रतिवेदन विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.१३ लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि सशक्तीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको मानव अधिकारको अवस्थालाई विश्लेषण गरी आगामी दिनमा चाल्नुपर्ने कदमहरूको पहिचान, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकारको अवस्था, स्थिति, समस्या र चुनौतीको अध्ययन गर्न तथा ती समुदायको मानव अधिकार संरक्षण र सम्बर्धनका लागि गण्डकी प्रदेश भित्रका उक्त समुदायका व्यक्तिहरुको सशक्तीकरण एवम् क्षमता विकास गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सशक्तीकरण तथा क्षमता विकास गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | खाजा/खाना, वैठक भत्ता, अभिमुखिकरण, गोष्ठी प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सरोकारवालाहरुसंग समन्वय वैठक<br>• कार्यक्रम प्रस्तावना तयारी<br>• कार्यक्रमका सहभागी छनौट र कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सशक्तीकरण तथा क्षमता विकासमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • खर्चको विल भरपाई लगायतका कार्यक्रम संचालन सम्वन्धी सम्पूर्ण कागजातहरु<br>• प्रतिवेदन विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१४ पूर्ण अशक्त र अशक्त शारिरीक अपाङ्गता भएका अपाङ्गताहरुका लागि स्वालम्बन जीवन पद्धति कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो दोस्रो तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गर्ने सन्दर्भमा विशेषगरी पूर्ण अशक्त र अति अशक्त अपाङ्गता अपाङ्गता भएका व्यक्तिहरुलाई स्वाबलम्बन जीवन पद्धति अवधारणा कार्यक्रम गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई स्वालम्बन जीवन पद्धति कार्यक्रम संचालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | खाजा/खाना, वैठक भत्ता, तालिमगोष्ठी संचालन/अभिमुखिकरण/अन्तरकृया/, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी स्वालम्बन जीवन पद्धति अवधारणा सम्बन्धी कार्यक्रम संचालन गरिरहेका संस्थाहरुबाट १० प्रतिशत लागत साझेदारीता रहने गरी विस्तृत प्रस्ताव माग<br>(ख) मूल्याङ्कनका लागि देहाय वमोजिमको समिति रहनेछ ।<br>सामाजिक विकास महाशाखा प्रमुख — संयोजक<br>प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>आर्थिक प्रशासन शाखा प्रतिनिधि - सदस्य<br>मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि एक जना- सदस्य<br>सम्बन्धित शाखा प्रमुख/अधिकृत - सदस्य सचिव<br>(ग) सम्झौता । |
| ६. अपेक्षित प्रतिफल | • पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई स्वालम्बन जीवन पद्धति कार्यक्रमको बारेमा जानकारी भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • संस्थाले मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपी<br>• खर्चका विल भरपाईहरु<br>• संस्थाको खर्च अनुमोदन र भुक्तानी सिफारिस सम्बन्धी वैठकको निर्णय<br>• कार्यसम्पन्न प्रतिवेदन तथा भुक्तानी माग |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

## २.१.१५ दलित जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | १५०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मानवअधिकारको विषय एक आपसमा अन्तरसम्बन्धित, अविभाज्य र विश्वव्यापी रहेको हुन्छ । मानवअधिकारपूर्ण प्रत्याभूतिका लागि कुनैपनि समाजमा शान्ति, सुरक्षा, मानव मर्यादा र विकास एक आपसमा अन्योयाश्रित रहेका हुन्छन् । यी मध्ये कुनै एकको अभावमा अन्य अधिकारको परिपूर्ति हुन सक्दैनन् । त्यसैले मानवअधिकारभित्र नागरिक तथा राजनीतिक अधिकारमात्र नभई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र भेदभाव विरुद्धको अधिकारलाई समेत साथै हेर्नुपर्दछ किनभने अविभेद मानव अधिकारको महत्वपूर्ण सिद्धान्त हो । यो सन्दर्भमा नेपालका अन्य पीडित पिछडिएका वर्ग र समुदाय झैं दलित समुदायले पनि अझैं मानव अधिकारको सहज उपभोग गर्न पाएको अवस्था देखिदैंन । यस्तै विषयहरुलाई मध्यनजर गरी गण्डकी प्रदेशका ८५ वटै स्थानीय तह तथा गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलित जनप्रतिनिहरुसँग अन्तर्क्रिया कार्यक्रम संचालन गरी विद्यमान समस्या तथा चुनौतिहरु सम्बन्धमा छलफल गरी क्षमता विकास तथा सशक्तीकरण गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ➢ दलित समुदायका विद्यमान समस्या तथा चुनौतीहरु पहिचान गर्नु ।<br>➢ दलित जनप्रतिनिधिहरुको क्षमता विकास भएको गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | खाजा/खाना, वैठक भत्ता, तालिमगोष्ठी संचालन/अभिमुखिकरण/अन्तरकृया/, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सम्बन्धित पक्षहरुसँग आवश्यक समन्वय तथा छलफल<br>(ख) कार्यक्रम संचालनको क्लष्टर एवम् मिति, समय र स्थान निर्धारण<br>(ग) आवश्यक समन्वय तथा पत्राचार<br>(घ) कार्यक्रम संचालन<br>(ङ) भुक्तानी प्रकृया |
| ६. अपेक्षित प्रतिफल | ➢ दलित समुदायका विद्यमान समस्या तथा चुनौतीहरु पहिचान भएको हुने ।<br>• दलित जनप्रतिनिधिहरुको क्षमता विकासमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी सम्पूर्ण कागजात तथा विल भर्पाईहरु<br>• प्रतिवेदन तथा भुक्तानी माग |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१६ बालबालिकाहरुको प्रदेशस्तरीय क्षमता विकास कार्यशाला

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | ७०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । संविधानले प्रदत्त गरेका बाल अधिकारको साथसाथै बाल अधिकार भनेको के हो, बालबालिकाको कर्तव्य र दायित्व, ऐन तथा कानुनमा व्यवस्था गरिएका बालबालिकाहरूको अधिकार, बाल सहभागिता, बालअधिकारका चार ओटा स्तम्भ, बालअधिकारको ऐतिहासिक पृष्टभूमि, बालअधिकार महासन्धि लगायतका विषयहरुमा प्रदेश बाल परिषद् तथा जिल्ला बाल संजालका पदाधिकारीहरुसँग आवश्यक समन्वय गरी उनीहरुको क्षमता विकास गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो |
| २. कार्यक्रमको उद्देश्य | ➢ प्रदेश बाल परिषद् तथा जिल्ला बाल संजालका पदाधिकारीहरुको क्षमता विकास गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | खाजा/खाना, वैठक भत्ता, तालिम गोष्ठी/अभिमुखिकरण/अन्तरकृया//तालिम संचालन, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क)प्रदेश बाल परिषद् तथा जिल्ला बाल संजाल लागयत सम्बन्धित पक्षहरुसँग आवश्यक समन्वय तथा छलफल<br>(ख) कार्यक्रम संचालनको मिति, समय र स्थान निर्धारण<br>(ग) आवश्यक समन्वय तथा पत्राचार<br>(घ) कार्यक्रम संचालन<br>(ङ) भुक्तानी प्रकृया |
| ६. अपेक्षित प्रतिफल | • प्रदेश बाल परिषद् तथा जिल्ला बाल संजालका पदाधिकारीहरुको क्षमता विकासमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी सम्पूर्ण कागजात तथा विल भर्पाईहरु<br>• प्रतिवेदन तथा भुक्तानी माग |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१७ महिला आर्थिक शसक्तिकरण प्रशिक्षण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिलाहरूको आर्थिक स्रोतहरूमा समान अधिकार, जमिन र अन्य सम्पत्तिमा पहूँच साथै राष्ट्रिय कानन अनुसार वित्तीय सेवा तथा प्राकृतिक स्रोतहरूमा पनि उनीहरूको पहुँच विस्तार गर्न आवश्यक देखिन्छ । नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । संविधानले प्रदत्त गरेका महिलाको हकलाई स्थापित गर्नुका साथै आर्थिक स्रोत साधनमा महिलाको समान अधिकार कायम गर्नका लागि महिलाहरुको आर्थिक सशक्तीकरण प्रशिक्षण कार्यक्रम संचालन गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ➢ महिलाहरुको आर्थिक सशक्तीकरणमा सहयोग गर्नु ।<br>➢ आर्थिक सशक्तीकरणका लागि प्रशिक्षण कार्यक्रम संचालन गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय तथा महिला अधिकारको क्षेत्रमा कार्यरत संस्था |
| ४. बजेट बाँडफाँट | खाजा/खाना, वैठक भत्ता, तालिम गोष्ठी/अभिमुखिकरण/अन्तरकृया//तालिम संचालन, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) कार्यक्रम संचालनको मोडालिटी तयार ।<br>(ख) कार्यक्रम संचालनका लागि सम्बन्धित संस्थाहरुसँग सूचना/कोटेशन माग<br>(ग) मूल्याङ्कन तथा छनौट<br>(घ) कार्यक्रम संचालनको मिति समय र स्थान निर्धारण<br>(ङ) आवश्यक समन्वय तथा पत्राचार<br>(च) कार्यक्रम संचालन तथा भुक्तानी प्रकृया |
| ६. अपेक्षित प्रतिफल | • महिलाहरुको आर्थिक सशक्तीकरणमा सहयोग गर्नु ।<br>• आर्थिक सशक्तीकरणका लागि प्रशिक्षण कार्यक्रम संचालन गर्नु । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • सम्झौताको प्रतिलिपी<br>• कार्यक्रम संचालन सम्बन्धी सम्पूर्ण कागजात तथा विल भर्पाईहरु<br>• खर्च अनुमोदन<br>• प्रतिवेदन तथा भुक्तानी माग |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.१.१८ प्रादेशिक दीर्घकालिन पुनर्स्थापना केन्द्रको संचालन निरन्तरता (पोखरा ३३)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ३००० | दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | हिंसा पीडित एवम् प्रभावितहरुको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, खाद्यान्न व्यवस्थापन, पारिवारिक पुनर्स्थापना, पुनर्मिलन तथा स्वरोजगारमा सहयोग पुऱ्याई एकीकृत सेवा प्रदान गर्न आवश्यक भएकोले सो सम्बन्धमा पोखरा महानगरपालिका वडा नं. ३३ मा निर्माण भएको भवनमा केन्द्र संचालनको कार्यलाई अगाडी वढाउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • पुनर्स्थापना केन्द्रको संचालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | ➢ हिंसा पीडित एवम् प्रभावितहरुको तत्काल उद्धार खर्च<br>➢ अत्यावश्यक सेवा संचालन खर्च<br>➢ दैनिक उपभोग्य सामग्री व्यवस्थापन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • निर्देशिका/कार्यविधि/मापदण्ड तयारी र सोही बमोजिमका क्रियाकलापहरु कार्यान्वयन गरिने ।(पोखरा महानगरपालिकासँग समन्वय, खर्चका क्षेत्र/आधारहरु निर्धारण, सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन तथा संस्था छनौट, सम्झौता एवम् केन्द्र स्थापना तथा संचालन) |
| ६. अपेक्षित प्रतिफल | • पुनर्स्थापना केन्द्रको संचालन कार्य सुरुवात भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यविधि/निर्देशिका/मापदण्डमा उल्लेख भए बमोजिमका कागजातहरु<br>• खर्चका प्रमाणित विल भरपाईहरु<br>• प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.१९ संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अध्यावधिक तथा समिति वैठक व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | १५० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यक व्यक्तिहरुलाई विपद्ले पार्न सक्ने क्षतिको असरलाई न्यूनिकरण गरी उनीहरुको सहज जीवनयापनमा सहयोग पुऱ्याउने कार्यमा समन्वय गरी विपद्मा साझा रणनीति वनाई विपद् जोखिम न्यूनिकरण गर्ने उद्देश्यले तयार पारिएको संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अद्यावधिक गर्नुका साथै उक्त समितिको वैठक वस्ने प्रयोजनका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ➢ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यकहरुलाई विपद्ले पुऱ्याउने जोखिम न्यूनिकरणको साझा रणनीति वनाई विपद् प्रतिकार्य योजना अद्यावधिक गरी कार्यान्वयनमा लैजाने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |
| ४. बजेट वाँडफाँट | ➢ कार्यक्रम संचालन तथा व्यवस्थापनसँग सम्बन्धित खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | ➢ संरक्षण विषयगत क्षेत्र वैठक संचालन अवधारणा पत्र तयारी<br>➢ कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण ।<br>➢ छलफल तथा अन्तरकृया गर्ने विषयहरु तयारी<br>➢ कार्यक्रम संचालन<br>➢ कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • विपद् जोखिम न्यूनिकरणको साझा रणनिती तथा कार्यक्रम कार्यान्वयन भएको हुने ।<br>• विपद्ले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवं यौनिक अल्पसंख्यकहरुमा पारेको क्षतिबाट वचाउन संरक्षणमा सहयोग पुगेको हुने ।<br>• संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अद्यावधिक हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु<br>➢ कार्यक्रम संचालन सम्बन्धी खर्च भएका विलभर्पाईहरु<br>➢ अद्यावधिक गरिएको प्रतिकार्य योजना<br>➢ कार्यक्रम संचालन सम्बन्धी फोटो समेतको प्रतिवेदन<br>➢ भुक्तानीको लागि निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२० गण्डकी प्रदेश प्रहरी कार्यालयसँगको समन्वयमा बालबालिका खोजतलास केन्द्र १०४ स्थापना तथा संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | १ | ५०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १ पृष्ठभूमि | बालबालिका हराउने वा वेपत्ता हुने अपहरणमा पर्ने, वेचविखन तथा ओसारपसारमा पर्ने बाल हिंसा हुने र बाल यौन दुर्व्यवहार हुने घटनाक्रमलाई रोकथाम नियन्त्रण तथा निरुत्साहित गर्न प्रदेश सरकार तथा सामाजिक संस्थाहरुवीचको समन्वय सहकार्य र सहयोगमा बालबालिकाको खोजतलास तथा उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापनाका कार्यहरु बालमैत्री वातावरणमा  गर्न गराउन गण्डकी प्रदेश प्रहरी कार्यालयसँगको समन्वयमा बालबलिका खोजतलास केन्द्र १०४ स्थापना तथा संचालन गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २ कार्यक्रमको उद्देश्य | ➢ गण्डकी प्रदेशमा बालबालिका खोजतलास केन्द्र १०४ स्थापना भई संचालन गर्नु<br>➢ बाल संरक्षणमा सहयोग पुऱ्याउनु |
| ३ कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४ बजेट वाँडफाँट | खोजतलास केन्द्र स्थापना तथा संचालन सम्बन्धी आवश्यक खर्चहरु |
| ५ सञ्चालन गरिने क्रियाकलाप | ➢ सम्बन्धित पक्षसँग समन्वयात्मक वैठक संचालन<br>➢ खोजतलास केन्द्र संचालनको आवश्यक प्रकृया निर्धारण<br>➢ प्रदेश प्रहरी कार्यालयसँग व्यवस्थापन साझेदारी (सामग्री खरिद तथा संचालन)<br>➢ आवश्यक तयारी तथा खोजतलास केन्द्र स्थापना<br>➢ केन्द्र संचालन |
| ६ अपेक्षित प्रतिफल | ➢ गण्डकी प्रदेशमा बालबालिका खोजतलास केन्द्र १०४ स्थापना भई संचालनमा आएको हुने<br>➢ बाल संरक्षणमा सहयोग पुगेको हुने |
| ७ पेश गर्नुपर्ने कागजातहरु | ➢ वैठकका निर्णयहरु<br>➢ केन्द्र स्थापनासँग सम्बन्धित सम्पूर्ण कागजातहरु<br>➢ भुक्तानी प्रकृया |
| ८ अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

## २.१.२१ अटिजम केयर सोसाइटी गण्डकीलाई संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरुले समाजमा मर्यादित र आत्मसम्मानपूर्वक जीवनयापन गर्न सामाजिक र सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ। अटिजम भएका बालबालिकाको शारीरिक अवस्था सामान्य हुने तथा उनीहरुमा भएका विभिन्न सामाजिक सीप, सञ्चार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि गर्नका लागि अटिजम केयर सोसाइटी कास्कीलाई संचालन अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | अटिजम भएका बालबालिकाको सामाजिक सीप, सञ्चार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि गर्नु |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र अनुदान प्राप्त संस्था |
| ४. बजेट वाँडफाँट | कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च, बालबालिकाको क्षमता तथा आवश्यकता अनुसारका खेलौना मेशिन र उपकरण खरिद लगायतका अन्य खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) अवधारणा पत्र तयारी<br>(ख) कार्यक्रम संचालन समन्वय वैठक<br>(ग) संस्थासँग समन्वयः मन्त्रालयले वार्षिक कार्यक्रम बमोजिम सरोकारवाला अनुदान प्राप्त अटिजम केयर सोसाइटी कास्कीसंग कार्यक्रम संचालनको विस्तृत प्रस्तावना सहित देहायका कागजात माग गर्नेछः-<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्र र विधानको प्रतिलिपी<br>• संस्थाको गत आ.ब. को लेखापरिक्षण प्रतिवेदन<br>• कर चुक्ता खुल्ने कागजात<br>• मन्त्रालयले सम्बन्धित संस्थासँग सम्झौता ।<br>(घ) संस्थाको कार्य जिम्मेवारीः रकम प्राप्त गर्ने संस्थाले निम्नानुसारका कार्यहरु गर्नुपर्नेछः-<br>• प्रस्तावना तयारी<br>• लागत अनुमान तयार तथा स्वीकृति<br>• बालबालिकाहरुको पहिचान |

| | | |
|---|---|---|
| | | • बालबालिकाको क्षमता तथा आवश्यकता अनुसारका खेलौना मेशिन र उपकरण खरिद<br>• क्षमता विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन<br>• अविभावक सहयोग प्रविधि आकलन तथा हस्तान्तरण<br>• अनुगमन तथा अन्तिम मूल्याङ्कन |
| ६. | अपेक्षित प्रतिफल | अटिजम भएका बालबालिका र अविभावकको सामाजिक सीप, सञ्चार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि भएको हुने । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपि<br>• सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन र प्रस्ताव पेश गर्दा राखिएको सम्पूर्ण कागजाद<br>• खर्च भएका बिल भर्पाई<br>• सामाजिक विकास कार्यालय तथा सम्बन्धित स्थानीय तहको भुक्तानीको सिफारिस पत्र<br>• खर्च अनुमोदन सहितको संस्थाको कार्य समितिको निर्णय<br>• प्रतिवेदन र भुक्तानी माग निवेदन (बैंक खाता विवरण समेत) |
| ८. | अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

## २.१.२२ डाउन सिन्ड्रोम सोसाइटी पोखरा संस्थालई अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरुले समाजमा मर्यादित र आत्मसम्मानपूर्वक जीवनयापन गर्न सामाजिक र सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ। समाजले डाउन सिन्ड्रोमलाई एक अभिशापको रुपमा लिने भएकोले डाउन सिन्ड्रोम भएका ब्यक्तिहरु आफ्ना नैसर्गिक अधिकारबाट वञ्चित भएका हुन्छन र उनीहरु सामाजिक रुपमा अपहेलित हुन वाध्य भइ आफुलाई अघि बढाउन असमर्थ हुन्छन । गुणस्तरीय शिक्षा, नियमित हेरचाह, उपयुक्त र अनुकुल वातावरण, स्वास्थ्य सेवा र परिवालाई हौशला र सहयोग प्रदान गरियो भने डाउन सिन्ड्रोम भएका व्यक्तिहरु समाजको मुलधार सहभागिता जनाउन अन्य नागरिकको जस्तै नेतृतव गर्न सक्ने नागरिक वनाउन सहयोग पुऱ्याउनुका साथै उनीहरुमा भएको क्षमता अभिवृद्धि गर्नका लागि डाउन सिन्ड्रोम सोसाइटी पोखरा संस्थालाई अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | डाउन सिन्ड्रोम भएका व्यक्तिहरुको सीप तथा सिकाइको क्षमता अभिवृद्धि गर्नु |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन एवं व्यवस्थापन खर्च, संस्थामा आवश्यक पर्ने विभिन्न अत्यावश्यक खर्चहरु, तालिम अभिमुखिकरण गोष्ठि लगायत संचालन तथा व्यवस्थापनमा हुने खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (घ) अवधारणा पत्र तयारी<br>(ङ) कार्यक्रम संचालन समन्वय वैठक<br>(च) संस्थासँग समन्वयः मन्त्रालयले वार्षिक कार्यक्रम बमोजिम सरोकारवाला अनुदान प्राप्त डाउन सिन्ड्रोम सोसाइटी पोखरासँग कार्यक्रम संचालनको विस्तृत प्रस्तावना सहित देहायका कागजात माग गर्नेछः-<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्र र विधानको प्रतिलिपी<br>• संस्थाको गत आ.ब. को लेखापरिक्षण प्रतिवेदन |

| | |
|---|---|
| | • कर चुक्ता खुल्ने कागजात<br>• मन्त्रालयले सम्बन्धित संस्थासँग सम्झौता ।<br>(घ) संस्थाको कार्य जिम्मेवारीः रकम प्राप्त गर्ने संस्थाले निम्नानुसारका कार्यहरु गर्नुपर्नेछः-<br>• प्रस्तावना तयारी<br>• लागत अनुमान तयार तथा स्वीकृति<br>• बालबालिकाहरुको पहिचान<br>• मेशिन र उपकरण खरिद<br>• क्षमता विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन<br>• अविभावक सहयोग प्रविधि आकलन तथा हस्तान्तरण<br>• अनुगमन तथा अन्तिम मूल्याङ्कन |
| ६. अपेक्षित प्रतिफल | डाउन सिन्ड्रोम भएका व्यक्तिहरुको सीप तथा सिकाइको क्षमता अभिवृद्धिमा सहयोग पुगेको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपि<br>• सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन र प्रस्ताव पेश गर्दा राखिएको सम्पूर्ण कागजाद<br>• खर्च भएका बिल भर्पाई<br>• सामाजिक विकास कार्यालय तथा सम्बन्धित स्थानीय तहको भुक्तानीको सिफारिस पत्र<br>• खर्च अनुमोदन सहितको संस्थाको कार्य समितिको निर्णय<br>• प्रतिवेदन र भुक्तानी माग निवेदन (बैंक खाता विवरण समेत) |
| ८. अनुगमन गर्ने निकाय | मन्त्रालय, सामाजिक विकास कार्यालय तथा स्थानीय तह |

## २.१.२३ हिंसा प्रभावितहरुको लागि तत्काल उद्धार समन्वय संजाल वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | ९० | दोस्रो / तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैंगिक हिंसा तथा मानव बेचविखन र ओसारपसारजन्य घटनाहरुलाई अपराधको रुपमा लिई निरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक उपायहरु अवलम्बन गरिएको भएतापनि अझै पनि यो समस्या चुनौतीको रुपमा रहेको पाइन्छ। गण्डकी प्रदेशभित्र लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको बीचमा समन्वय गरी प्रभावितहरुलाई आपतकालीन अवस्थामा तत्काल उद्धार गरी संरक्षण र न्यायमा पहुँच पुऱ्याउनका लागि आ.ब. २०७५/७६ मा गठन भएको तत्काल उद्धार समन्वय सञ्जालको निरन्तरता दिंदै कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • लैंगिक हिंसा तथा मानव बेचविखन र ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरु बीच समन्वय गर्ने ।<br>• आपतकालीन अवस्थामा पीडित तथा प्रभावितहरुहरुलाई तत्काल उद्दार गरी सुरक्षित तरिकाबाट संरक्षणमा राख्ने व्यवस्था मिलाउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | वैठक संचालन एवं व्यवस्थापन तथा यातायात खर्च, |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तत्काल उद्धार समन्वय सञ्जालसँग समन्वय र समितिको नियमित बैठक सञ्चालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरुबीच आवश्यक समन्वय भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको निर्णय प्रतिलिपि, खर्चका बिल भर्पाईहरु र प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२४ प्रदेश आपत्कालिन उद्धार कार्यक्रम (महिला बालबालिका अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको लागि)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा आर्थिक सहयोग उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | • जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्दार, संरक्षण तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा सहयोग गर्नु,<br>• हिंसा पीडित तथा प्रभावितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदानका साथै जोखिममा रहेका व्यक्तिहरुलाई स्वरोजगारका लागि प्रोत्साहन गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | अनुसूची- १ बमोजिम खर्च गरिने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • मन्त्रालयको वेवसाइट मार्फत सूचना प्रकाशन<br>• प्राप्त निवेदनका आधारमा तत्काल उद्धार समन्वय संजालको वैठकबाट छलफल सहित मन्त्रालयलाई सिफारिस गरी अनुसूची-१ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।<br>• प्रतिवेदन तयार गर्ने । |
| ६. अपेक्षित प्रतिफल | • हिंसा पीडित व्यक्तिलाई राहत तथा जोखिमपूर्ण अवस्थाका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्धार, संरक्षण तथा पुनर्स्थापना शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यमा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • पीडित, प्रभावित तथा जोखिममा परेका व्यक्तिको निवेदन<br>• पहिचान खुल्ने कागजात<br>• प्रहरी/स्थानीय तहको सिफारिस पत्र<br>• खर्च भएका विलभर्पाई<br>• सहयोग उपलब्ध गराइएका व्यक्तिहरुको विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२५ प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय बैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | दोस्रो |
| **शीर्षक** | **विवरण** | | | |
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा क्रियाशील रहेका संघ संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको बारेमा मन्त्रालयले आवश्यक जानकारी लिई आवश्यकता र प्राथमिकताको क्षेत्रमा सेवा सुविधाहरु परिचालन गर्न तथा निर्देशन एवम् नियमन गर्न यो कार्यक्रम समावेश गरिएको हो । | | | |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेशभित्रका गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गर्ने<br>• उनीहरुको उद्देश्य र क्रियाकलापहरुको बीचमा एकरुपता ल्याई मन्त्रालयको नीति निर्देशन अनुसार काम गर्न अभिप्रेरित गर्ने ।<br>• कार्यक्रमको जानाकारी, मध्यावधि समिक्षा, योजना तर्जुमा, अन्तिम प्रगति समिक्षा, | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |
| ४. बजेट वाँडफाँट | बैठक तथा कार्यक्रम सञ्चालन, यातायात खर्च, खाजा, स्टेशनरी | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समन्वय वैठक तयारी तथा संचालन,<br>• सम्बन्धित संस्थाहरुबाट भए गरेका कार्यहरुको आदान प्रदान तथा सुझाव संकलन<br>• प्रतिवेदन तयार तथा समीक्षा | | | |
| ६. अपेक्षित प्रतिफल | गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गराई कार्यक्रम सञ्चालनमा प्रभावकारिता आउनेछ। | | | |
| ७. पेश गर्नुपर्नेकागजातहरु | • बैठकको निर्णय प्रतिलिपि र खर्चका बिल भर्पाईहरु | | | |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |

## २.१.२६ राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो/ तेस्रो /चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरुले समाजमा मर्यादित र आत्म सम्मानपूर्वक जीवनयापन गर्न सामाजिक र सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ । गण्डकी प्रदेशभित्रका १० प्रकारका अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी ८५ स्थानीय तह सरोकार भएको एकद्वार प्रणाली मार्फत तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक तथा मूल प्रवाहिकरणका लागि प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन गर्ने अभिप्रायले गत वर्ष देखि संचालन सुरुवात भएको कार्यक्रम राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश मार्फत कार्यान्वयन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन गर्ने<br>• अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी एकद्वार प्रणाली मार्फत तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक र मूल प्रवाहिकरण गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक तथा प्रवाहिकरणका लागि कार्यकक्ष स्थापना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आवश्यक खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | (क) सस्थासँग समन्वयः मन्त्रालयले वार्षिक कार्यक्रम बमोजिम राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँग कार्यक्रम संचालनको विस्तृत प्रस्तावना सहित देहायका कागजात माग गर्नेछः-<br>• संस्था दर्ता/नविकरण प्रमाणपत्र र विधानको प्रतिलिपी<br>• संस्थाको पान दर्ता प्रमाण पत्र र कर चुक्ता पत्र र गत आ.ब. को लेखापरिक्षण प्रतिवेदन<br>• सम्झौता<br>• गत सालको प्रगति विवरण<br>(ख) सम्बन्धित संस्थासँग सम्झौता ।<br>(ग) संस्थाको कार्य जिम्मेवारीः रकम प्राप्त गर्ने संस्थाले निम्नानुसारका कार्यहरु गर्नुपर्नेछः- |

| | |
|---|---|
| | १. प्रदेश भित्रका ८५ वटै स्थानीय तहहरु एवं अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाहरुसँग समन्वय<br>२. प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा संचालन<br>३. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक तथा प्रवाहिकरण<br>४. प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना भई संचालनमा आएको हुने<br>• अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी एकद्वार प्रणाली मार्फत तथ्याङ्क तथा सूचना संकलन, अद्यावधिक र प्रवाहिकरणमा सहयोग पुगेको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपि<br>• सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन<br>• खर्च भएका बिल भर्पाईहरु<br>• खर्च अनुमोदन वैठक निर्णय<br>• कार्यसम्पन्न प्रतिवेदन साथ भुक्तानी माग निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, |

## २.१.२७ सामाजिक विकास क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो/ तेस्रो/ चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी भावी नीति तथा कार्यविधि, निर्देशिका एवं कार्यान्वयनमा सहयोग पुऱ्याउनुका साथै उक्त क्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश ऐन तथा कानून बनाउने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी प्रदेश नीति, ऐन तथा कानूनको निर्माण कार्यविधि निर्देशिका तयार गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • समन्वयात्मक वैठक संचालन तथा व्यवस्थापन सम्बन्धी विविध खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • नीति, ऐन, कानून निर्माणको लागि स्वीकृती<br>• आवश्यकतानुसार कार्यदल/विज्ञ समूह गठन<br>• नीतिको मस्यौदा तयारी र सरोकारवालाहरुको सुझाव संकलन<br>• आर्थिक मामिला र कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्रालयबाट राय एवं सहमति लिने<br>• स्वीकृति एवं सहमतिको लागि थप प्रकृया अघि बढाउने ।<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • नीति, ऐन तथा कानूनको निर्माण भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• कार्यक्रमगत मस्यौदा<br>• खर्चका विल भरपाईहरु<br>• विस्तृत विवरण प्रतिवेदन र भुक्तानी निवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२८ अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १0000 | दोस्रो/ तेस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, नेपालको संविधान तथा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, प्रर्वद्धन र अधिकारको सुनिश्चित गर्दै उनीहरुको जीवनलाई सहज र सम्मानित तुल्याउन सशक्तीकरणका विभिन्न कार्यक्रमहरु संचालन गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम संचालन गर्नु |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम तथा वैठक संचालन सम्बन्धी खर्च व्यवस्थापन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिको वैठकबाट पहिचान गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने ।<br>• कार्यक्रम संचालन तथा व्यवस्थापन ।<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित प्रतिफल | • अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरणमा टेवा पुगेको हुनेछ |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वैठकको निर्णय प्रतिलिपि<br>• कार्यक्रमसँग सम्बन्धित आवश्यक कागजातहरु<br>• खर्चका विल भरपाईहरु,<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.२९ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति समन्वय समिति बैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | १०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सवै प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण र सामाजिक न्याय सुनिश्चितता गर्न तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गर्न गण्डकी प्रदेश सरकारद्वारा जारी भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ मा भएको व्यवस्थाको कार्यान्वयन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरुको वैठक संचालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेश |
| ४. बजेट बाँडफाँड | वैठक संचालन तथा व्यवस्थापन सम्बन्धी खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • समितिका सदस्यहरुलाई पत्राचार तथा समन्वय<br>• बैठक सञ्चालन |
| ६. अपेक्षित प्रतिफल | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरुको वैठक संचालन गर्ने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति विवरण तथा निर्णय प्रतिलिपि<br>• खर्चका बिल भर्पाईहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.३० बालप्रतिभा छनौट संचालन तथा पुरस्कार वितरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ८०० | दोस्रो |
| शीर्षक | विवरण | | | |
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र बालबालिकामा अन्तर्निहित प्रतिभाको प्रष्फुटन तथा विकासको लागि प्रदेश बाल परिषद्सँगको समन्वयमा गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहका सामुदायिक विद्यालयको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरु मध्येबाट हरेक स्थानीय तहबाट एक जनाको दरले जम्मा ८५ जना बिद्यार्थीहरुवीच कुनै एक विधामा प्रदेशस्तरीय प्रतियोगिता संचालन गरी उत्कृट बाल प्रतिभा छनौट मार्फत पुरस्कृत गरी थप हौसला प्रदान गर्न यो कार्यक्रम समावेश गरिएको हो । | | | |
| २. कार्यक्रमको उद्देश्य | • बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रष्फुटन र विकासमा सहयोग पुऱ्याउने । | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन एवं व्यवस्थापन पुरस्कार, खाजा, यातायात, वैठक भत्ता, पानी, स्टेशनरी दैनिक भ्रमण भत्ता लगायतका खर्च | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • शिक्षा विकास निर्देशनालय, जिल्ला स्थित सामाजिक विकास कार्यालय, तथा प्रदेश बालपरिषद्सँग समन्वय<br>• प्रतियोगिता संचालन सम्बन्धी प्रकृया निर्धारण<br>• कार्यक्रम संचालनको समयतालिका निर्धारण<br>• तयारी तथा उत्कृष्ट प्रतिभा छनौट कार्यक्रम संचालन<br>• प्रतिवेदन | | | |
| ६. अपेक्षित प्रतिफल | • उत्कृष्ट बालप्रतिभा पहिचान भई प्रोत्साहन भएको हुने । | | | |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी उपस्थिति, निर्णय लगायतका कागजातहरु<br>• खर्चका प्रमाणित बिल भरपाईहरु,<br>• प्रतिवेदन | | | |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वस्थ्य मन्त्रालय | | | |

## २.१.३१ शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन (प्रदेश केन्द्रमा)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला उपर हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालय समयमा निजामती कर्मचारीका शिशुहरुका लागि उपयुक्त संरक्षण, हेरचाह र रेखदेख गरी सार्वजनिक सेवालाई प्रभावकारी बनाउन तथा दिवा शिशुस्याहार केन्द्रको स्थापना तथा संचालन सम्बन्धी व्यवस्थापन कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | (क) निजामती कर्मचारीहरुलाई आफ्नो कामप्रति लगनशिल र जिम्मेवार हुन उत्प्रेरित गर्ने ।<br>(ख) कार्यालय समयभित्र कर्मचारीका शिशुहरुको उपयुक्त वातावरणमा संरक्षण तथा स्याहारसुसार गरी चौतर्फी विकासमा सघाउ पुर्‍याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | कार्यक्रम संचालन गर्ने कार्यविधि निर्माण पश्चात सोको अधिनमा रही खर्च गर्ने शिर्षकहरु तय गरिने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यविधिमा भएको व्यवस्था बमोजिम कार्यान्वयन गर्ने |
| ६. अपेक्षित प्रतिफल | • निजामती कर्मचारीहरु आफ्नो काम प्रति लगनशिल र जिम्मेवार भएका हुने ।<br>• दिवा शिशुस्याहार केन्द्र व्यवस्थित, पारदर्शि तथा प्रभावकारी रुपले संचालन भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • स्वीकृत कार्यविधिमा उल्लेख भएका विषयहरु |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.३२ प्रदेश बाल अधिकार समिति वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २५० | पहिलो/ दोस्रो/ तेस्रो |
| **शीर्षक** | **विवरण** | | | |
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७८ मा भएको व्यवस्था वमोजिम गठित समितिलाई प्रभावकारी रुपमा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नुका साथै प्रदेश बाल अधिकार समितिको वैठक संचालन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । | | | |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेश स्तरीय बाल अधिकार समितिको नियमित वैठक संचालन गर्नु<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, खाजा, खाना, यातायात, स्टेशनरी, दैनिक भ्रमण भत्ता लगायतका खर्च | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रदेश बालअधिकार समितिका सदस्यहरुसँग समन्वय<br>• प्रदेश बाल अधिकार समिति वैठकको स्थान, मिति र समय तय<br>• वैठक संचालन तथा प्रतिवेदन | | | |
| ६. अपेक्षित प्रतिफल | • प्रदेश स्तरीय बाल अधिकार समितिको नियमित वैठक संचालन गर्नु<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। | | | |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठक तथा कार्यक्रम सम्बन्धी उपस्थिति तथा निर्णय प्रतिलिपि लगायतका कार्यक्रम संचालन सम्बन्धमा तयार पारिएका कागजातहरु<br>• खर्चका बिल भरपाईहरु,<br>• प्रतिवेदन | | | |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |

### २.१.३३ प्रदेश बाल परिषद् वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७८ मा भएको व्यवस्था वमोजिम गठित समितिलाई प्रभावकारी रुपमा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नुका साथै प्रदेश बाल परिषद्को वैठक संचालन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेश बाल परिषद्को नियमित वैठक संचालन गर्नु<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट वाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, खाजा, खाना, यातायात, स्टेशनरी, दैनिक भ्रमण भत्ता लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रदेश बाल परिषद्का पदाधिकारीहरुसँग समन्वय<br>• प्रदेश बाल परिषद् वैठकको स्थान, मिति  र समय तय<br>• वैठक संचालन तथा प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • प्रदेश बाल परिषद्को नियमित वैठक संचालन गर्नु<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्न मद्दत पुऱ्याउनु। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठक तथा कार्यक्रम सम्बन्धी उपस्थिति तथा निर्णय प्रतिलिपि लगायतका कार्यक्रम संचालन सम्बन्धमा तयार पारिएका कागजातहरु<br>• खर्चका  बिल भरपाईहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.३४ प्रदेशस्तरीय नागरिक सम्मेलन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | पहिलो/ दोस्रो/ तेस्रो |
| शीर्षक | विवरण | | | |
| पृष्ठभूमि | गण्डकी प्रदेशमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको अवस्था, सवाल, समस्या, चुनौति, अवसर र समाधान तथा व्यवस्थापन पक्षको लागि प्रदेशमा उल्लेखित क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुको भेला/सम्मेलन गराई आगामी रणनीति तयार गर्नका लागि गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वय तथा सहकार्यमा कार्यक्रम संचालन गर्न लागिएको हो । | | | |
| कार्यक्रमको उद्देश्य | • प्रदेशस्तरीय नागरिक सम्मेलन गर्नु<br>• क्षेत्रगत समस्याहरु पहिल्याई आगामी रणनीतिहरु तय गर्नु । | | | |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |
| बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, वैठक भत्ता, खाजा, खाना, यातायात, स्टेशनरी, दैनिक भ्रमण भत्ता लगायतका खर्च | | | |
| सञ्चालन गरिने क्रियाकलाप | • गैर सरकारी संस्था महासंघ नेपाल गण्डकी प्रदेशसँग समन्वय वैठक<br>• कार्यक्रम संचालनको मोडालिटी तयार<br>• कार्यक्रम संचालनको स्थान, मिति र समय तय<br>• कार्यक्रम संचालन तथा प्रतिवेदन | | | |
| अपेक्षित प्रतिफल | • प्रदेशस्तरीय नागरिक सम्मेलन सम्पन्न भएको हुने<br>• क्षेत्रगत समस्याहरु पहिल्याई आगामी रणनीतिहरु तय भएको हुने । | | | |
| पेश गर्नुपर्ने कागजातहरु | • बैठक तथा कार्यक्रम सम्बन्धी उपस्थिति तथा निर्णय प्रतिलिपि लगायतका कार्यक्रम संचालन सम्बन्धमा तयार पारिएका कागजातहरु<br>• खर्चका बिल भरपाईहरु,<br>• प्रतिवेदन | | | |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |

## २.१.३५ नेपाल प्रहरीसँगको सहकार्यमा लैङ्गिक हिंसा पिडितको अनुसन्धान कार्यमा संलग्न प्रहरी जनशक्तिको क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | पछिल्लो समयमा समाजमा वढ्दै गएको लैङ्गिक हिंसाजन्य गतिविधिमा पीडितको अनुसन्धान कार्यमा खटिने प्रहरी जनशक्तिको क्षमता विकास गर्नको लागि प्रदेश प्रहरी कार्यालय तथा जिल्ला प्रहरी कार्यालयसँगको समन्वय तथा सहकार्यमा कार्यक्रम संचालन गर्न लागिएको हो । |
| कार्यक्रमको उद्देश्य | • लैङ्गिक हिंसा पीडितको अनुसन्धान कार्यमा संलग्न प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि गर्नु । |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, वैठक भत्ता, खाजा, खाना, यातायात, स्टेशनरी, दैनिक भ्रमण भत्ता लगायतका खर्च |
| सञ्चालन गरिने क्रियाकलाप | • गण्डकी प्रदेश प्रहरी/जिल्ला प्रहरी कार्यालयसँग समन्वय वैठक<br>• कार्यक्रम संचालनको मोडालिटी तयार<br>• कार्यक्रम संचालनको स्थान, मिति र समय तय<br>• कार्यक्रम संचालन तथा प्रतिवेदन |
| अपेक्षित प्रतिफल | • लैङ्गिक हिंसा पीडितको अनुसन्धान कार्यमा संलग्न प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि भएको हुने । |
| पेश गर्नुपर्ने कागजातहरु | • बैठक तथा कार्यक्रम सम्बन्धी उपस्थिति तथा निर्णय प्रतिलिपि लगायतका कार्यक्रम संचालन सम्बन्धमा तयार पारिएका कागजातहरु<br>• खर्चका बिल भरपाईहरु,<br>• प्रतिवेदन |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१.३६ सामाजिक विकास महाशाखा तर्फका कार्यक्रमको समग्र अनुगमन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | मन्त्रालयको सामाजिक विकास महाशाखा वा अन्तर्गतका कार्यालयहरुबाट महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, एकल महिला दलित महिला लगायतको सामाजिक विकासका क्षेत्रसँग सम्बन्धित चालु आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन गरि सुधारका उपायहरु सहित मन्त्रालयमा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • मन्त्रालय वा मातहतका कार्यालयहरुबाट सामाजिक विकासको क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुको अनुगमन गर्नु । |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| बजेट बाँडफाँट | • दैनिक भ्रमण भत्ता तथा यातायात व्यवस्थापन लगायतका खर्च |
| सञ्चालन गरिने क्रियाकलाप | • आवश्यकता तथा प्राथमिकताको आधारमा मन्त्रालय तथा जिल्लास्थित कार्यालयहरुबाट कार्यान्वयन भइरहेका अनुगमन गर्ने । |
| अपेक्षित प्रतिफल | • मन्त्रालय वा मातहतका कार्यालयहरुबाट सामाजिक विकासको क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुको अनुगमन गर्नु । |
| पेश गर्नुपर्ने कागजातहरु | • मन्त्रालयबाट स्वीकृत भ्रमण आदेश<br>• भ्रमण प्रतिवेदन<br>• भ्रमण विल<br>• निवेदन |
| अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## पूँजिगत खर्च अन्तर्गतका क्रियाकलापहरु

## २.१.३७ शिशु स्याहार केन्द्रको लागि पूर्वाधार निर्माण तथा मर्मत सम्भार (प्रदेश केन्द्रमा)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला उपर हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालय समयमा निजामती कर्मचारीका शिशुहरुका लागि उपयुक्त संरक्षण, हेरचाह र रेखदेख गरी सार्वजनिक सेवालाई प्रभावकारी बनाउन तथा दिवा शिशुस्याहार केन्द्रको स्थापना तथा संचालन सम्बन्धी व्यवस्थापन कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्नको लागि शिशु स्याहार केन्द्र स्थापना गरी संचालनमा ल्याउने स्थानको आवश्यक भौतिक पूर्वाधार तथा मर्मत सम्भारको कार्य गर्नका लागि यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | (क) शिशु स्याहार केन्द्र संचालन स्थलको भौतिक पूर्वाधार विकास तथा मर्मत संभार गर्नु ।<br>(ख) कार्यालय समयभित्र कर्मचारीका शिशुहरुको उपयुक्त वातावरणमा संरक्षण तथा स्याहारसुसार गरी चौतर्फी विकासमा सघाउ पुर्‍याउनु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँड | प्राविधिक इस्टिमेट गरी सोही बमोजिम कार्य सम्पन्न गर्दा लाग्ने खर्च शिर्षकहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यविधिमा भएको व्यवस्था बमोजिम केन्द्र स्थापना गर्ने स्थान पहिचान<br>• लागत अनुमान तयारी तथा स्वीकृति ।<br>• निर्माण/मर्मत सम्भार कार्य संचालन ।<br>• खर्च अनुमोदन तथा भुक्तानी प्रकृया । |
| ६. अपेक्षित प्रतिफल | (क) शिशु स्याहार केन्द्र संचालन स्थलको भौतिक पूर्वाधार विकास तथा मर्मत संभार भएको हुने ।<br>(ख) कार्यालय समयभित्र कर्मचारीका शिशुहरुको उपयुक्त वातावरणमा संरक्षण तथा स्याहारसुसार गरी चौतर्फी विकासमा सघाउ पुगेको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • स्वीकृत लागत अनुमान ।<br>• निर्माण कार्य सम्बन्धी सम्पूर्ण विल भर्पाईहरु । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## अनुसूची- १

## आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार

(क) जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई तत्काल उद्दार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत आवश्यकता परिपूर्तिको लागि आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा मन्त्रालयले सो प्रयोजनको लागि प्रति घटना बढिमा पचास हजार रुपैयाँसम्म खर्च गर्न वा उपलव्ध गराउन सक्नेछ।

(ख) पिडितले कुनै सिप तालिम प्राप्त गरी व्यावसाय संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रति व्यक्ति बीस हजार रुपैयाँसम्म बीउपूँजि अनुदानको रुपमा

(ग) पिडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि बढिमा पाँच हजार रुपैयाँ सम्म लागेको यथार्थ खर्च,

(घ) पिडितलाई तत्काल उद्दार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ङ) पिडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैया गरी लागेको यथार्थ खर्च,

(च) पुनर्स्थापनाको लागि बढिमा सात हजार रुपैयाँसम्म, विशेष अवस्थामा कामको प्रकृति हेरी बढिमा दश हजार रुपैयाँसम्म

(छ) पीडितसंग कुनै बालबच्चा भए बालबच्चाको लागि पीडित सरहको खाना खर्च रकम ।

(ज) माथि उल्लेखित बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले मन्त्रालयमा लिखित निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा मन्त्रालयले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गर्नका लागि सिफारिस गर्न सक्नेछ।

नोटः आवश्यकता अनुसार सडक मानव उद्धार तथा व्यवस्थापनका लागि लाग्ने यातायात, खाना, खाजा खर्च, माथि नै उल्लेख गर्ने मानव संवेदना सम्वन्धी खर्च, पुनर्स्थापना/पुनर्मिलन तथा उपचार खर्च, विपन्न नागरिकलाई अति आवश्यक आधारभूत आवश्यकता जस्तै- लत्ता कपडा तथा उपचारको प्रवन्ध मिलाउनु पर्ने अवस्था देखिएमा सो वापत लाग्ने यथार्थ खर्च उपलब्ध गराउन सकिनेछ ।